

# रणनीतिक योजनाको सारांश 2020-25

Government of South Australia

Health
Northern Adelaide Local Health Network

Nepali / नेपाली

# प्रमुख कार्यकारी अधिकारीको सन्देश

म उत्तरी एडिलेड स्थानीय स्वास्थ्य नेटवर्क (NALHN) को रणनीतिक योजनाको सारांश 2020-25 प्रस्तुत गर्न पाउँदा खुशी छु। यसले एडिलेडको उत्तर र उत्तर-पूर्वी समुदायहरूलाई उपलब्ध हुने स्वास्थ्य सेवाहरूको लागि हाम्रो दृष्टि र दिशाको उच्च स्तरको सारांश प्रदान गर्दछ।

हामी हाम्रा उत्कृष्ट कर्मचारीहरू मार्फत स्वास्थ्य सेवाहरू प्रदान गर्न प्रतिवद्ध छौं र हाम्रा कर्मचारीहरू नवीन, उच्च गुणस्तरको र दयालु छन्।

यो रणनीतिक योजना हाम्रो समुदायलाई उनीहरूलाई जीवनभर उत्तम स्वास्थ्य र स्वस्थ रहन सहयोग पुर्‍याउने NALHN को यात्राको अर्को चरणको शुरुवात हो।।

## हाम्रो दृष्टिकोण

हाम्रो समुदायमा मानिसहरूको जीवनभर सर्वोतम स्वास्थ्य र आरोग्यता हुन्छ।

## हाम्रो उद्देश्य

अद्वितीय स्वास्थ्य र आरोग्य सेवाहरू उप्लब्ध गर्ने जस्ले हाम्रो समुदायका मानिसहरूको जीवनको गुणस्तर बढाउँछ।

## हाम्रो मूल्यमान्यता

हाम्रा मूल्यमान्यताहरू हाम्रो संस्थाको ढुकढुकी हो र यसले हाम्रो संस्कृति र हामीले काम गर्ने शैली आकृत गर्छ।

### NALHN मा हामी विश्वास गर्छौं कि:

*सबैंको कथा हुन्छ; सबैंको महत्त्व हुन्छ;*
*सबैंले योगदान दिन्छ; सबैंको बिकास हुन्छ।*

### हामी किन यसमा विश्वास गर्छौं:

> **सबैंको कथा हुन्छ** – हामी दयालु छौं र तपाईंहरू - बिरामी, परिवार र कर्मचारीहरू - सँगैं हिड्नेछौं ।

> **सबैंको महत्त्व छ** – हामी स्वागत गर्छौं, सम्मान गर्छौं र समावेशी छौं। NALHN मा श्रेणी हेरेर अतिरिक्त विशेषाधिकार पाउँदैंन्।

> **सबैंले योगदान दिन्छ** – सबैंले संस्कृति निर्माण गर्छ र NALHN लाई अझ राम्रो बनाउँछ। हामी सुन्छौं र सिक्छौं।

> **सबैंको बिकास हुन्छ** – हामी स्वास्थ्यलाभ, आरोग्यता, रचनात्मकता र नवीनतालाई बढावा दिन्छौं। हामी सबैं विकासको यात्रामा छौं – बिरामी, परिवार र कर्मचारीहरू।

## हाम्रो स्थानीय स्वास्थ्य सञ्जाल

> लाइएल म्याक्विन अस्पताल (Lyell McEwin Hospital) – आपतकालिन हेरचाह, जटिल र बहु-दिवस शल्यक्रिया, ओैषधि, प्रसूति रोग, बाल रोग चिकित्सक र बाहिरंगी सेवाहरूको लागि उत्तर र उत्तर पूर्वको प्रमुख अस्पताल।

> मोडबरी अस्पताल (Modbury Hospital) – आपतकालिन हेरचाह, ऐच्छिक शल्यक्रिया, ओैषधि, बाहिरंगी सेवा र उप-सघन सेवाहरू, पुनर्स्थापना, जेरियट्रिक (वृद्ध स्याहार) र प्यालेटिभ हेरचाह भएको एक सामान्य अस्पताल।

> प्राथमिक स्वास्थ्य, उप-सघन र संक्रमणकालीन स्याहारसेवाहरू, जीपी प्लस स्वास्थ्य हेरचाह केन्द्र एलिजाबेथ (GP Plus Health Care Centre Elizabeth) र गिलिस प्लेन्समा उप-केन्द्र सहितको जीपी प्लस सुपर क्लिनिक मोडबरी (GP Plus Super Clinic Modbury)।

> वाट्टो पुरुन्ना आदिवासी प्राथमिक स्वास्थ्य स्याहार सेवा (Watto Purrunna Aboriginal Primary Health Care Service) केन्द्रहरू- Muna Paeindi, Kanggawodli, Maringga Turtpandi and Wonggangga Turtpandi

> समुदाय र अस्पतालको संरचना रहेको उत्तरी मानसिक स्वास्थ्य सेवा (Northern Mental Health), वयस्क र वृद्ध व्यक्तिको मानसिक स्वास्थ्य सेवाहरूको साथसाथैं राज्यव्यापी फोरेंन्जि मानसिक स्वास्थ्य सेवाहरू।



## रणनीतिक अपरिहार्यता

हाम्रो छ रणनीतिक अपरिहार्यताले प्रतिबिम्बित गर्छ NALHN को संस्थागत विकासका प्राथमिकताहरु र हाम्रो दृष्टिकोण र हाम्रो उद्देश्य हासिल गर्न लगानी। हाम्रा अपरिहार्यताहरू हाम्रा कर्मचारीहरू, सेवाग्रहीहरू, आदिवासी मानिसहरू र विविध समुदायसंगको सहकार्यबाट सृजना गरिएको हो।

## समावेशी संस्कृति

**समावेशी संस्कृति**

**हाम्रो मूल्यमान्यता अनुरुप तथा हाम्रा अद्वितीय कर्मचारीहरू मार्फत हर बखट उत्तम हेरचाह उपलब्ध गर्ने दृढताको आधारमा हामी हाम्रो व्यक्तित्वको समर्थन र निर्माण गर्न प्रतिबद्ध छौं।**

### प्रमुख प्राथमिकता

मूल्यमान्यतामा आधारित कार्यबल बनाउने जहाँ कर्मचारीहरू सिक्न, हुर्कन, बोल्न र हासिल गर्न सुरक्षित महसुस गर्छन्।

## सेवाको रचना

**सेवाको रचना**

हामी हाम्रा सेवाहरू जनमानसको स्वास्थ्य आवश्यकता अनुरुप अति उपयुक्त, प्रभावकारी र प्रभावशाली हुने तरिकाले प्रदान गर्दछौं।

### प्रमुख प्राथमिकता

हाम्रो स्वास्थ्य सेवाहरूको रचना, विकास र समीक्षा हाम्रा सेवाग्रही र समुदायको सहकार्यमा गर्ने छौं।

हाम्रा साझेदारहरूसँग सुधारित, समन्वयित हेरचाहको माध्यमबाट सबै स्वास्थ्य सेवाको समाकलन बढाउनेछौं।

अत्यावश्यक पर्नेहरूलाई मद्दत गरेर हाम्रो प्रमुख जनसंख्या समूहको आवश्यकताहरू पूरा गर्ने सेवाहरू उपलब्छ भएको सुनिश्चित गर्नेछौं।

## डिजिटल कौशलता

**डिजिटल कौशलता**

हामी 'डिजिटलमूखी' कार्यक्रमहरू विकास गर्छौं र नयाँ प्रविधि प्रयोग गर्छौं जसले अझ उत्कृष्ट स्वास्थ्य परिणामहरू हासिल गर्नेछ र हामी र हाम्रा सहयोगी कर्मचारीहरूसँग अन्तर्क्रिया गर्न हाम्रा सेवाग्रही, समुदाय र साझेदारहरूले प्रयोग गर्ने प्रविधिको पुनर्सरचना गर्न मद्दत गर्नेछ।

### प्रमुख प्राथमिकता

हाम्रो डिजिटल पूर्वाधार सुधार गर्ने र प्राविधिक नवीनता अंगाल्ने।

समयमै सही जानकारी प्रदान गरी प्रभावकारी निर्णय लिन मद्दत गर्ने प्रणाली विकास गर्ने।

## स्थिरता

**स्थिरता**

हामी नवीनता अंगालेर, हाम्रो कार्यकुशलतामा सुधार गरेर, जोखिमको पहिचान र प्रबन्ध गरेर, र निरन्तर रूपमा हाम्रा संसाधनहरू सान्दर्भिक र तिक्ष्ण बनाउँदै तथा बढाउँदै र हाम्रो क्षमता भित्र रहेर हाम्रो स्थिरता कायम गर्नेछौं।

### प्रमुख प्राथमिकता

अधिकतम सेवा प्रदान गर्न संसाधनहरूको जिम्मेवार ढंगले प्रयोग गर्ने।

प्रणालीहरू मजबूत बनाउने वित्तीय व्यवस्थापन।बलियो बनाउन

व्यावसायिक नवीनताका लागि अवसरहरू पहिचान गर्ने।

## अद्वितीय कार्यबल

**अद्वितीय कार्यबल**

हामी रोजाईको कार्यस्थल हुने प्रयास गर्नेछौं जहाँ समावेशी कार्य संस्कृति र वातावरणलाई बढावा दिएर कर्मचारीहरूलाई हुर्कन, योगदान गर्न र सबैलाई महत्वपूर्ण भएको महसुस गराउछ र उनीहरूलाई आकर्षण गर्न र कायम राख्न सक्छ।

### प्रमुख प्राथमिकता

विश्वस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न एक विविध, कौशल र लचकदार कार्यवल बनाउन हाम्रा कर्मचारीहरूमा लगानी गर्नेछौं।

काम गर्न र सिक्नको लागि एक जीवन्त, मुल्यमानतामा आधारित स्थलको सिर्जना गर्ने।

एक कार्यबल संस्कृतिको निर्माण गर्ने जहाँ हामीले गर्ने सबै कुरा हेरचाह र दयामा आधारित हुन्छ।

## साझेदारी

**साझेदारी**

**हामी हाम्रो बढ्दो समुदायलाई सहयोग पुरयाउन र अवसरहरूको अधिकतम लाभ उठाउन सहकार्य गर्ने रणनीतिक साझेदारी गर्नेछौं।**

### प्रमुख प्राथमिकता

साझेदारहरूसँग लक्षित सम्बन्धको विकास गर्ने।

सेवाग्राही र समुदायसँग अर्थपूर्ण र निरन्तर संलग्न हुने।

विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँगको साझेदारीबाट सिक्ने तथा नवीनता ल्याउने।










Government of South Australia

Health
Northern Adelaide
Local Health Network